## परिचय

चितवन जिल्लामा सञ्चालन भइरहेको कृषि, स्वास्थ्य र वातावरण नेपाल परियोजना, नेपाल जनस्वास्थ्य प्रतिष्ठानको एक प्रमुख परियोजनाहरुमध्ये पर्दछ। नेपाल जनस्वास्थ्य प्रतिष्ठान वि.सं. २०६६ सालमा स्थापना भएको स्वास्थ्य क्षेत्रमा कार्यरत एक गैरसरकारी संस्था हो। यस संस्थाको लक्ष्य स्वस्थ रहन पाउनु नेपाली नागरिकको अधिकार र जिम्मेवारीको रुपमा स्थापित गर्नु हो। संस्थाको तीनवटा मूल कार्यक्षेत्रहरु रहेका छन्।

- जनस्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरी विद्यमान स्वास्थ्य अवस्था सुदृढ गर्नु। जस्तै आमा र बच्चाको स्वास्थ्य, कृषक तथा उपभोक्ताको स्वास्थ्य (interventions to improve the current health situation)
- जनस्वास्थ्य सम्बन्धी विभिन्न विषयहरुमा अनुसन्धान गरेर तथ्य पत्ता लगाउनु (evidence generation)
- उक्त खोज र तथ्याङ्कमा आधारित रही समतामूलक स्वास्थ्य प्रणालीका लागि पैरवी गर्नु (advocacy for evidence based equitable health system)

## परियोजनाको पृष्ठभूमी

विगत दश वर्षको अवधिमा विषादीको प्रयोग अप्रत्यासित ढङ्गबाट बढ्दो छ जसले गर्दा हामीले दिनहुँ खाने खाद्यान्न अस्वस्थ्य हुँदै गइरहेको छ।




Source: http://annapurnapost.com/news-details/87391

यसरी विषादीको बढ्दो प्रयोगले गर्दा सम्पूर्ण उपभोक्ता र सबैभन्दा बढी कृषकहरुको स्वास्थ्य जोखिममा परेको छ। भरतपुर बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालले वि.सं. २०६० देखि २०६९ सम्म नेपालका सबै क्यान्सर अस्पतालका बिरामीहरुको तथ्याङ्क विश्लेषण गर्दा सबैभन्दा बढी क्यान्सर कृषकहरुमा देखाएको छ। तसर्थ, नेपाल जनस्वास्थ्य प्रतिष्ठानले कृषक र उपभोक्ताको स्वास्थ्य सुदृढ गर्ने लक्ष्यसहित कृषि, स्वास्थ्य र वातावरण नामक परियोजना वि.सं. २०६९ बाट चितवन जिल्लाको पाँचवटा गाविसहरुमा सञ्चालन गरेको थियो। यसै परियोजनाको दोस्रो चरण थप कार्यक्रम र कार्यक्षेत्रसहित वि.सं. २०७४ को भाद्र महिनाबाट २.५ वर्षका लागि सञ्चालन भएको हो।

## परियोजनाको लक्ष्य

एकीकृत शत्रुजीव व्यवस्थापनलाई (Integrated Pest Management) केन्द्रमा राखेर स्वस्थ खाद्यान्न उत्पादन गरी कृषक र उपभोक्ताको स्वास्थ्य सुदृढ गर्ने।

## परियोजनाका उद्देश्यहरु

- एकीकृत शत्रुजीव व्यवस्थापन र प्राङ्गारिक कृषिलाई विषादीको विकल्पका रुपमा स्थापित गराएर कृषक, विषादी छर्कने व्यक्तिहरु र विषादी बिक्रेताको ज्ञान, धारणा र व्यवहारमा परिवर्तन ल्याई पेशागत विषादीको प्रतिकुल असरहरु रोकथाम गर्ने।
- विषादीको प्रतिकुल असर, यसबाट हुनसक्ने दुर्घटनाका साथै यसको रोकथाम र उपचारकाबारे स्थानीय स्वास्थ्यकर्मीहरुमा ज्ञान र सचेतना अभिवृद्धि गर्ने।
- विषादीको प्रतिकूल असर र प्रदुषण न्युनिकरणका लागि राष्ट्रिय, जिल्ला र स्थानिय तहमा वैज्ञानिक दस्तावेजहरु मार्फत पैरवी गर्ने।

## परियोजनाको कार्यक्षेत्र

- भरतपुर महानगरपालिका क्षेत्रअन्तर्गत ६, १३, १४, १५, १६, २३, २४ र २५ नम्बर वडाहरु
- खैरहनी नगरपालिका क्षेत्रअन्तर्गत १, २, ३, ४, १२ र १३ नम्बर वडाहरु
- कालिका नगरपालिका क्षेत्रअन्तर्गत १ देखि ७ नम्बर वडाहरु
- राप्ती नगरपालिका क्षेत्रअन्तर्गत ४, ५ र ६ नम्बर वडाहरु

**यी क्षेत्रहरु तरकारी खेतीका लागि पकेट क्षेत्र मानिन्छन्।**




## परियोजनाका लक्षित समूहहरु

- कृषकहरु
- बिषादी बिक्रेताहरु
- पेशागत बिषादी छकर्ने व्यक्तिहरु
- स्थानिय स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरु
- महिला स्वास्थ्य स्वयंसेविकाहरु
- शिक्षक, शिक्षिका तथा विद्यार्थीहरु
- आम-उपभोक्ता

## परियोजनाका मुख्य क्रियाकलापहरु

- हाल चितवन जिल्लामा विषादी प्रयोगको अवस्था र कृषक लगायत सम्बन्धित सरोकारवाला निकायहरुको विषादी सम्बन्धी ज्ञान, धारणा र अभ्यास बारे आधारभूत सर्वेक्षण गर्ने ।
- उक्त सर्वेक्षणको नतिजालाई आधार मानी कृषकहरुलाई एकीकृत शत्रुजीव व्यवस्थापन र प्राङ्गारिक कृषि सम्बन्धी सीपमूलक तालिम प्रदान गर्ने तथा अभ्यास प्रर्वद्धनका लागि सामग्री सहयोग गर्ने ।
- विषादी प्रयोग गरिरहेको अवस्थामा सुरक्षित पहिरनको महत्वबारे सचेतनामूलक कार्यक्रम गरेर कृषकहरुमा अभ्यास प्रर्वद्धन गर्ने ।
- विषादी छर्कने व्यक्तिहरु र विषादी विक्रेताहरुका लागि विषादीको सुरक्षित प्रयोगबारे सचेतनामूलक तालिम कार्यक्रम गर्ने ।
- स्थानिय स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई विषादी प्रयोग न्यूनिकरण प्रर्वद्धनका विषय र विषादीको प्रयोगबाट कसैमा स्वास्थ्य समस्या देखिएमा प्राथमिक स्वास्थ उपचार सम्बन्धी सीपमूलक तालिम प्रदान गर्ने ।
- स्थानिय शिक्षक तथा विद्यार्थीहरुमा विषादीको प्रतिकूल असरबारे सचेतनामूलक कार्यक्रम गरी शिक्षक र विद्यार्थीमार्फत् अभिभावक र आम नागरिकमा सचेतना प्रवाह गर्ने ।
- बिषादीको प्रयोग सम्बन्धी विभिन्न सचेतनाका सामग्रीहरु तयार गरेर उक्त मुद्दा सरकारी स्तरबाट नै पर्याप्त सम्बोधन हुनुपर्ने विषयलाई अगाडी राखी स्थानीय, जिल्ला र राष्ट्रिय तहमा सम्बन्धित सरोकारवालाहरुसँग छलफल, गोष्ठी, सेमिनार, अन्तर्वार्ता तथा प्रकाशनमार्फत् पैरवी गर्ने ।
- परियोजनाले सोचेअनुरुप उद्देश्य हासिल गरे या नगरेको मापन गर्नका निम्ति मूल्याकंन सर्वेक्षण गर्ने ।

## परियोजनाका मुख्य अपेक्षित उपलब्धीहरु

- कृषकहरु रसायनिक विषादीको प्रयोग घटाई जैविक विधि अवलम्बनतर्फ उन्मुख हुनेछन् ।
- विषादीको प्रयोग गर्दा कृषक तथा विषादी छर्कने व्यक्तिहरुले सुरक्षित पहिरनको प्रयोग गरी सुरक्षित हुनेछन् ।
- विषादी बिक्रेताहरुले विषादी बिक्री गर्दा सुरक्षित विषादी प्रर्वद्धन गर्ने र ग्राहकहरुलाई उक्त विषादीबारे पर्याप्त सूचना प्रदान गर्नेछन् ।
- विषादीको प्रयोगबाट हुने दुर्घटनामा कमी आउनेछ र बिरामीहरुले स्थानीय स्वास्थ्य संस्थाबाट स्वास्थ्य सेवा तथा तथा परामर्श पाउनेछन् ।
- शिक्षक, विद्यार्थी तथा आम उपभोक्तामा विषादीको प्रतिकूल असर र सुरक्षित विधिबारे चेतना तथा ज्ञान अभिवृद्धि हुनेछ ।
- विषादीको न्यून तथा सुरक्षित प्रयोग, यसको न्यूनिकरण र स्वस्थ खाद्यान्न उत्पादनबारे स्थानीय स्तरबाटै नितिगत रुपमा सम्बोधन हुनेछ ।



"विषादीको प्रयोग शून्य गरौं, आफू र परिवार स्वस्थ रहौं ।"

साझेदार संस्थाहरु :

Dialogos DENMARK

DASAM Dansk Selskab for Arbejds- og Miljømedicin

# कृषि, स्वास्थ्य र वातावरण नेपाल परियोजना

## २०१७–२०२०




**नेपाल जनस्वास्थ्य प्रतिष्ठान**

भरतपुर-१०, बालमन्दिर रोड, चितवन

टेलिफोन: ०५६-५२१४३२

Website: www.nphfoundation.org

Email: fhen.nphfoundation@gmail.com